# एनएमबि बैंक लिमिटेडको
# अट्ठाईसौं वार्षिक साधारण सभाको विवरण (माईन्यूट)

१. **प्रारम्भिक :**

एनएमबि बैंक लिमिटेडको मिति २०८०/०८/२७ गते बसेको सञ्चालक समितिको ४५९औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ र बैंकको प्रवन्धपत्र तथा नियमावलीमा उल्लेखित व्यवस्थाहरु बमोजिम बोलाईएको अट्ठाईसौं वार्षिक साधारण सभा बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणको सभापतित्वमा निम्न उल्लेखित मिति, स्थान र समयमा बसी देहायका बिषयहरु उपर छलफल गरी निम्नानुसार निर्णय भयो ।

**साधारण सभा बसेको मिति, स्थान र समयः**

मिति : २०८० साल पौष महिना २६ गते, बिहीबार (तद्नुसार ११ जनवरी २०२४)

स्थान : राष्ट्रिय सभागृह, प्रदर्शनीमार्ग, काठमाडौं ।

समय : बिहान १० बजे ।

२. **उपस्थितिः**

(अ) **सञ्चालकहरू:**

| सि.नं. | सञ्चालकहरुको नाम | पद | उपस्थिति/अनुपस्थिति |
|---|---|---|---|
| १ | श्री पवन कुमार गोल्याण | अध्यक्ष | उपस्थित |
| २ | श्री निको पिल | सञ्चालक | उपस्थित |
| ३ | श्री जीवन कुमार कट्वाल | सञ्चालक | उपस्थित |
| ४ | श्री योगेन्द्र लाल प्रधान | सञ्चालक | उपस्थित |
| ५ | श्री उत्तम भ्लोन | सञ्चालक | उपस्थित |
| ६ | श्री शिरिष कुमार मुरारका | सञ्चालक | उपस्थित |
| ७ | श्रीमती बन्दना पाठक | स्वतन्त्र सञ्चालक | उपस्थित |

(आ) **आमन्त्रित प्रतिनिधिहरू:**

| | | |
|---|---|---|
| १ | श्री आर्नो डि भेट | प्रतिनिधि, एफएमओ, नेदरल्याण्डस् |
| २ | श्री टि पुराहरन सि पि रामकृष्णन | प्रतिनिधि, योंग लियन रियाल्टी, मलेशिया |
| ३ | श्री रामचन्द्र पोखरेल | प्रतिनिधि, कर्मचारी सञ्चय कोष |
| ४ | श्री श्रीराम पौडेल | प्रतिनिधि, कम्पनी रजिष्ट्रारको कार्यालय |
| ५ | श्री हेम कुमार श्रेष्ठ | प्रतिनिधि, कानूनी सल्लाहकार |
| ६ | श्री देवाम्श बस्याल | प्रतिनिधि, (लेखापरीक्षक-केएमयू एण्ड एशोसिएट्स) |
| ७ | श्री विक्रम योञ्जन | प्रतिनिधि, (लेखापरीक्षक- देव एशोसिएट्स) |

(इ) **पदाधिकारीहरू:**

| | | | |
|---|---|---|---|
| १ | श्री सुनिल के.सी. | – | प्रमुख कार्यकारी अधिकृत |
| २ | श्री सुदेश उपाध्याय | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ३ | श्री गोविन्द घिमिरे | – | नायव प्रमुख कार्यकारी अधिकृत |
| ४ | श्री प्रमोद कुमार दाहाल | – | प्रमुख संचालन अधिकृत तथा कम्पनी सचिव |
| ५ | श्री नविन मानन्धर | – | प्रमुख जोखिम अधिकृत |
| ६ | श्री श्रीजेश घिमिरे | – | प्रमुख लगानी अधिकृत |
| ७ | श्री रोशन रेग्मी | – | प्रमुख रिटेल बैंकिङ्ग अधिकृत |

| | | | |
|---|---|---|---|
| ८ | डा. बुद्धि कुमार मल्ल | – | प्रमुख साना, मझौला तथा अनुदान कर्जा अधिकृत |
| ९ | श्री पुष्पा अर्याल | – | प्रमुख ट्रेड फाइनान्स |
| १० | श्री मृदुल पराजुली | – | प्रमुख लेखा तथा योजना |

(ई) **शेयरधनीहरू :**

| विवरण | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत जम्मा उपस्थित शेयरधनी संख्या | २०८ | १,३०१ | १,५०९ |

## ३. सभाको सभापतित्व तथा वैधानिकता :

वार्षिक साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणलाई सभाको सभापतित्व ग्रहण गर्न अनुरोध गरिए अनुरूप उहाँले सभाको सभापतित्व गर्नुभयो । बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा शुरू हुनु अगावै कम्पनी ऐन, २०६३ को दफा ६९ मा भएको व्यवस्था अनुसार उपस्थित शेयरधनीहरूले सभाको वैधानिकता बारे यकिन गर्ने सम्बन्धमा सभाको सभापतिज्यूको आज्ञाले कम्पनी सचिव श्री प्रमोद कुमार दाहालले देहायका विवरणहरू प्रस्तुत गर्नुभयो ।

(क) **साधारण सभाको बारेमा सार्वजनिक सूचना :**

यस बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयको सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम शेयरधनीहरूको जानकारीका लागि राष्ट्रिय दैनिक पत्रिका नागरिकमा क्रमशः मिति २०८०/०९/०१ र २०८०/०९/०५ गते गरी दुई पटक प्रकाशित गरिएको थियो । उल्लेखित साधारण सभाको सुचनाहरु प्रकाशित गर्दा कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ आ.व. २०७९/८० को संक्षिप्त वार्षिक आर्थिक विवरण समेत दुई पटक सोही पत्रिकामा प्रकाशित गरिएको थियो । साथै, शेयरधनी महानुभावहरूको सुविधाको लागि संक्षिप्त वार्षिक आर्थिक विवरणका साथै वार्षिक प्रतिबेदन बैंकको वेबसाइट www.nmb.com.np मा पनि राखिएको थियो ।

(ख) **उपस्थिति :** बैंकको साधारण सभामा बुँदा नं. ३(ग) मा उल्लेखित संख्यामा शेयरधनीहरुले उपस्थिति जनाउनु भएको थियो । साधारण सभामा सञ्चालक समितिका हाल कायम सम्पूर्ण संचालकहरुको उपस्थिति रहेको थियो ।

(ग) **गणपूरक संख्या :**

१. यस साधारण सभा प्रयोजनको लागि बैंकको शेयरधनी दर्ता पुस्तिका तथा शेयर दाखिल खारेजीको कार्य बन्द भएको मिति २०८०/०९/०६ मा कायम शेयरधनीहरूले लिएको शेयरको विवरण निम्नानुसार रहेको थियो ।

| विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| कूल संख्या | शेयरधनीहरू | ७२५ | १,६६,१८३ | १,६६,९०८ |
| | शेयर | ९,३६,७०,२००.३९ | ८,९९,९६,८५९.२० | १८,३६,६७,०५९.५९ |

कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम सभा सञ्चालनको लागि आवश्यक गणपूरक संख्या (बैंकका शेयरधनीहरूको स्वयं वा प्रतिनिधि मार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको शेयरहरूको संख्या) देहाय बमोजिम रहेको थियो ।

| उपस्थित विवरण | | संस्थापक | सर्वसाधारण | जम्मा |
|---|---|---|---|---|
| स्वयं तथा प्रतिनिधि मार्फत उपस्थित संख्या | शेयरधनी संख्या | २०८ | १,३०१ | १,५०९ |
| | शेयर | ७,९९,१४,९६७ | २,७१,७५,३५५ | १०,७०,९०,३२२ |
| उपस्थितिबाट प्रतिनिधित्व भएको प्रतिशत | शेयर | ८५.३२ | ३०.२० | ५८.३१ |

२. कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था बमोजिम प्रकाशित गरिएको सूचनामा उल्लेखित छलफलका बिषयहरू उपर छलफल गर्न मिति २०८०/०९/२६ मा स्वयं तथा प्रोक्सी मार्फत जम्मा १,५०९ जना शेयरधनीहरूबाट यस बैंकको बाँडफाँड भएको कूल शेयर संख्याको ५८.३१ प्रतिशत प्रतिनिधित्व भएको हुँदा साधारण सभा वैधानिक भएको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

४. **छलफलका विषयहरू :**

(क) **सामान्य प्रस्ताव :**

१. आर्थिक वर्ष २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब (एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण) तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु पारित गर्ने (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने ।

(ख) **विशेष प्रस्ताव :**

१. बैंकको प्रबन्धपत्रको उद्देश्यमा संशोधन गरी दफा ५(कक) मा ६ र ७ थप गर्ने ।

२. अन्य बैंक तथा वित्तीय संस्थालाई प्राप्ति (एक्विजिसन) गर्न तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने अख्तियारी संचालक समितिलाई प्रदान गर्ने । साथै, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण गर्ने, सोका लागि बैंकको प्रवन्धपत्र तथा नियमावलीमा कुनै संशोधन आवश्यक भएमा सो गरि सोको अभिलेख गराउने लगायत सम्पूर्ण कार्य गर्ने अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने ।

३. बैंकको प्रबन्धपत्र संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाब भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने ।

(ग) **विविध ।**

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

(घ) **निर्वाचन सम्बन्धमा :**

१. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना गरी ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने । (संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना सञ्चालकहरु मध्ये बैंकको नियमावली बमोजिम संस्थापक शेयरधनी एफएमओको तर्फबाट १ जना सञ्चालक मनोनयन हुने) ।

५. **सभाको शुभारम्भ :**

वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकाले कम्पनी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार बैंकको सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री पवन कुमार गोल्याणले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई अभिवादन तथा स्वागत गर्दै सभाको कार्यक्रम अघि बढाउनु भयो ।

६. **वार्षिक प्रतिवेदनको प्रस्तुति :**

सभाको काम कारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले उपस्थित शेयरधनी, नियमनकारी निकायका प्रतिनिधि लगायत सम्पूर्ण महानुभावहरुलाई अभिवादन गर्दै सञ्चालक समितिको तर्फबाट आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । समिक्षा अवधिमा बैंकले निक्षेप, कर्जा र संचालन आम्दानी वृद्धी गर्न सफल भएको, बैंकले महिलाहरुलाई आत्मनिर्भर बनाउने तथा उद्यमशिल क्षमताको विकास गर्ने लक्ष्यका साथ व्यवसाय संचालन गर्न चाहने महिलाहरुलाई महिला उद्यमशिलता कर्जा र बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई विदेशमा आर्जन गरेको सीप र व्यवसायिक क्षमता अनुरुप स्वरोजगार बनाउने उद्देश्यका साथ बैदेशिक रोजगारी कर्जा प्रदान गर्दै आएको कुरा सभालाई जानकारी गराउनु भयो । हाल बैंकमा पुरुष र महिला कर्मचारी संख्याको अनुपात ६०:४० रहेको उल्लेख गर्नुहुदै केही वर्षहरु भित्रै पुरुष र महिला कर्मचारी संख्याको अनुपात ५०:५० पुऱ्याउने लक्ष्य रहेको तथा बैंकमा कार्यरत कर्मचारीहरुलाई उनीहरुको सिप क्षमता विस्तारका लागि स्वदेश तथा विदेशमा तालिम प्रदान गर्ने गरिएको जानकारी गराउनु भयो । निजी क्षेत्रतर्फको माग र सरकारी पुँजीगत खर्चमा आएको कमीका कारण लक्षित आर्थिक वृद्धि हासिल गर्न कठिनाई भएको परिप्रेक्ष्यमा बैंकिङ्ग क्षेत्रको विस्तारमा समेत सकारात्मक प्रभाव नपरेको र देशको आर्थिक अवस्थाबाट बैंक समेत अछुतो नरहेको अवगत गराउँदै बैंकले समिक्षा बर्षको नाफालाई सञ्चित गर्दै बैंकलाई मजबुत बनाउने र बैंकको व्यवसाय विस्तारको लागि पुँजीकोष बढाउने रणनीति लिएको व्यहोरा अवगत गराउनु भयो ।

उहाँले "क" श्रेणीको एनएमबि बैंक भए पश्चात लगभग १३ वर्ष सञ्चालक समितिको अध्यक्ष र "ग" श्रेणीको फाईनान्स कम्पनी भएको वखत ८ वर्ष सञ्चालक समितिको सदस्यको हैसियतमा रहेर कार्य गरेको जानकारी गराउनु भयो । बैंकले आफ्नो रणनीति बमोजिम दिगो विकासका लागि वातावरण संरक्षणमा समेत ध्यान दिएको, कर्जाको गुणस्तरमा सुधार गर्दै कृषि, नविकरणीय उर्जा, जलविद्युत तथा हरितगृह ग्यास उत्सर्जनलाई कम गर्ने क्षेत्रमा आफ्नो लगानी विस्तार गर्दै लगेको, बैंकले ४ पटकसम्म "बैंक अफ द इयर" र एक पटक "बैंक अफ द इयर एसिया" को अर्न्तराष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल भएकोमा "बैंक अफ द इयर एसिया" नेपालमै पहिलो पटक यस बैंकले प्राप्त गरेको उल्लेख गर्नुभयो । बैंकलाई आजसम्म सहयोग, माया र विश्वास गर्नु हुने शेयरधनीहरु तथा नियमकारी निकायहरु प्रति सञ्चालक समितिको तर्फबाट आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नुभयो । आजको यस साधारण सभा मेरो कार्यकालको अन्तिम रहेकोले बैंकको नयाँ अध्यक्ष र सञ्चालक समितिका सदस्यहरुलाई विगतका झैं शेयरधनी तथा नियमकारी निकायहरुबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो । अन्त्यमा, बैंकलाई यस स्थानसम्म पुऱ्याउन अमुल्य योगदान गर्नुहुने शेयरधनी महानुभावहरु, बैंक व्यवस्थापन तथा सम्पूर्ण कर्मचारीहरु प्रति आभार प्रकट गर्नु भयो ।

७. **छलफलको लागि आह्वान :**

साधारण सभामा निर्धारित प्रस्तावहरूको बिषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐनमा भए अनुरूप सभामा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहितको वासलात, नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायत सूचनामा प्रकाशित भए बमोजिमका छलफलका विषयहरु उपर आ-आफ्नो मन्तव्य, बिचार, जिज्ञासा तथा सुझावहरू राख्न चाहाने शेयरधनी महानुभावहरूलाई सहभागी हुन सभापतिबाट अनुरोध भयो ।

८. **छलफलमा सहभागी हुने शेयरधनीहरू :**

देहायका शेयरधनी महानुभावहरूले छलफलमा सहभागि भई आ-आफ्नो विचार तथा मन्तव्य राख्नु भएको थियो ।

| | | | |
|---|---|---|---|
| क) | श्री व्यास कुमार शर्मा | छ) | श्री दिव्यमणि राजभण्डारी |
| ख) | श्री भक्ति प्रसाद उप्रेती | ज) | श्री रामचन्द्र पोखरेल (प्रतिनिधि कर्मचारी सञ्चय कोष) |
| ग) | श्री उत्तम दत्त पाण्डे | झ) | श्री आर्नो डि भेट (प्रतिनिधि एफएमओ नेदरल्याण्डस्) |
| घ) | श्री नरसिंह लाल चखूँ | ञ) | श्री टि. पुराहरन सि.पि. रामकृष्णन (प्रतिनिधि योंग लियन रियाल्टी, मलेसिया) |
| ङ) | श्री वैजु नाथ रौनियार | ट) | श्री चन्द्र नारायण श्रेष्ठ |
| च) | श्री बिजय देव पन्त | - | - |

९. **शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्य तथा सुझावहरूको संक्षिप्त विवरण :**

क) **श्री व्यास कुमार शर्मा :** उहाँले सभालाई सम्बोधन गर्दै बैंकको अध्यक्षले बैंकमा पुर्‍याउनु भएको योगदानको कदर स्वरुप सबै उपस्थित शेयरधनीहरु समक्ष उहाँलाई धन्यवाद दिन आग्रह गर्नुभयो । उहाँले यस विषम् परिस्थितीमा पनि निक्षेप र कर्जा विस्तार भएकोमा खुशी व्यक्त गर्दै कर्मचारीहरु र सञ्चालकहरुले बैंकमा पुऱ्याउनु भएको योगदानको लागि धन्यवाद दिनु भयो । बैंकले गत वर्षको नाफाबाट प्रतिफल दिन सक्ने अवस्था हुँदा हुँदै पनि लाभांश वितरण नगरी सञ्चिती गरेकोले बैंकको सञ्चित कोष बलियो हुन पुगेको छ । निष्कृय कर्जा अनुपात सीमा भित्र रहेको छ । बैंकमा विदेशी साझेदारहरु रहेका कारण कम व्याजदरमा विदेशी ऋण तथा प्राविधिक सहायता प्राप्त गर्न सफल भएको छ । बैंकले भावी चुनौतीहरु सामना गर्नको लागि चनाखो हुनुपर्ने कुरामा जोड दिंदै नेपाल राष्ट्र बैंकले मर्जर तथा एक्विजिशनका लागि सुविधाहरु दिएको भएता पनि पछि कर तिर्नु परेकोले लगानीकर्ताहरुलाई असर परेको गुनासो व्यक्त गर्दै बैंकबाट आगामी वर्षमा बढी प्रतिफल प्राप्त गर्ने अपेक्षा राखेको कुरा उल्लेख गर्नुभयो ।

ख) **श्री भक्ति प्रसाद उप्रेती :** उहाँले सभालाई सम्बोधन गर्दै शेयरधनीको प्रमुख चासो लाभांश हुने र अन्य बैंकहरुले लाभांश वितरण गर्ने क्षमता नभएको कारण लाभांश वितरण नगरेको भएता पनि यस बैंकले लाभांश वितरण गर्ने क्षमता भएर पनि आगामी वर्ष अझ बढी खराब अवस्था आउन सक्ने अनुमान गरी सञ्चित मुनाफामानै राखेको उचित भएको । सम्पत्तिको गुणस्तर जोखिम तथा कर्जा जोखिम व्यवस्था बढेकोले सो सम्बन्धमा संचालक समितिको बैठकहरुमा निरन्तर छलफल गर्नुपर्ने, अन्य बैकहरुको भन्दा NPL कम रहेको उल्लेख गर्दै गैर व्याज आम्दानी बृद्धि गर्नेपर्ने, अपलेखन गरेका कर्जा असुल उपर गर्नुपर्ने, शेयरधनीले बुझिलिन बाँकी रहेको लाभांश वितरण गर्नको लागि प्रयास गर्न सुझाव दिनुभयो । अहिलेको अवस्थामा बैंकले मर्जर तथा एक्विजिशनमा जानको लागि जोडबल नगर्न र आगामी वर्ष साधरण सभा अलि छिटो गर्नु पर्ने कुरामा जोड दिदै निर्वाचित हुनु हुने नयाँ अध्यक्ष तथा संचालक समिति र बैंक व्यवस्थापनलाई शेयरधनीहरुको तर्फबाट निरन्तर सहयोग हुने कुरा उल्लेख गर्नुभयो ।

ग) **श्री उत्तम दत्त पाण्डे :** उहाँले सभालाई सम्बोधन गर्दै देशमा आर्थिक मन्दी रहेको, नेपाल राष्ट्र बैंकको नीति र सरकारको नीतिमा एकरुपता नभएकोले मर्जर र एक्विजिशन भएका संस्थाहरुलाई बार्गेन पर्चेज गेनमा छुट दिने निर्णय भएको भएपनि कर तिर्नु परेको उल्लेख गर्नु भयो । गैर बैंकिङ्ग सम्पत्तिलाई समयमानै लिलाम बिक्री गरी कर्जा असुली गर्नुपर्ने र आगामी वर्ष दोहोरो अंकको लाभांश प्राप्त गर्ने आशा व्यक्त गर्नुभयो । बैंकले आफ्नै कर्पोरेट भवन बनाउनको लागि जग्गा खरिद गरेको, संस्थागत सामिाजिक उत्तरदायित्व अन्तर्गत बच्चाको स्वास्थ्यका लागि अस्पताललाई आर्थिक रकम सहयोग गरेकोमा धन्यवाद ज्ञापन गर्दै सभामा पेश भएका प्रस्तावहरुमा समर्थन रहेको कुरा व्यक्त गर्नुभयो ।

घ) **श्री नरसिंह लाल चखूँ:** उहाँले सभालाई सम्बोधन गर्दै बैंकको वित्तीय विवरण हेर्दा प्रगती गरेको, बैंकले वितरणयोग्य नाफालाई सञ्चितीमा राखी जगेडा कोष मजबुद बनाएकोले अर्को वर्ष राम्रो लाभांश दिने आशा गरेको धाराण उल्लेख गर्नुभयो । आम्दानी तर्फ राम्रो रहेको, डिपोजिट मोबिलाइजेशन तर्फ ध्यान दिनुपर्ने, NPL ratio बढेता पनि EPS र Net profit लाई balance बनाएर राख्न सफल भएको छ, Assest Management तर्फ विषेश ध्यान दिनुपर्ने, ROA, ROE ratio मा सुधार गर्दै बैंकको कर्जा असुलीलाई प्रभावकारी बनाउनका लागि रिकोभरी टिमलाई सबल र सक्षम बनाउनु पर्ने कुरामा जोड दिनु भयो । साथै, उहाँले बैंकका शाखाहरुलाई नाफा केन्द्रित बनाउन तथा मानव संशाधनको efficiency लाई विस्तार गर्न र बैंकले कर्मचारीहरुको कार्यदक्षता विकास गर्नुपर्नेमा जोड दिँदै बैंक र सहायक कम्पनीहरुको वित्तीय विवरण राम्रो रहेको धारणा व्यक्त गर्नुभयो ।

ङ) **श्री वैजु नाथ रौनियार :** उहाँले बैंकले यस वर्ष लाभांश वितरण नगरे पनि आगामी वर्ष राम्रो प्रतिफल प्राप्त गर्ने आशा व्यक्त गर्दै बैंकको खराव कर्जा घटेको देख्न चाहेको बताउनु भयो । उहाँले महिला र पुरुष कर्मचारीहरुको संख्या बराबर बनाउन लागेकोमा धन्यवाद दिनुभयो । बैंकले जलविद्युतमा गरेको लगानी राम्रो रहेको र आगामी दिनमा निरन्तरता दिन सुझाव दिनुभयो । बैंकले पटक पटक अन्तर्राष्ट्रिय पुरस्कार प्राप्त गर्न सफल भएको, बैंकले कर्मचारीहरुलाई राम्रो सेवा सुविधा दिएकोले कर्मचारीहरुको राम्रो प्रगती हुने विश्वास व्यक्त गर्नुभयो । बैंकले अपलेखन गरेका कर्जाहरु असुली गरी आम्दानी बढाउनुपर्ने । बैंकले संस्थागत सामाजिक उत्तरदायित्व अन्र्तगत गर्ने खर्चहरु मध्येबाट बिरगंजमा रहेको कारागारका कैदी बन्दीका छोराछोरीहरुले पढ्ने विद्यालयमा र मानव सेवा आश्रममा सहयोगका लागि अनुरोध गर्नुभयो ।

च) **श्री बिजय देव पन्त :** उहाँले सभालाई सम्बोधन गर्ने क्रममा बैंकको साधारण सभाबाट सञ्चालक समितिका अध्यक्ष परिवर्तन हुने हुँदा बैंक टर्निङ्ग पोइन्टमा रहेको बताउनु भयो । गत आ.व. को मुनाफाबाट बैंकले लाभांश वितरण गर्न सक्ने अवस्था हुँदा हुँदै पनि लाभांश वितरण नगरेकाले दुःख लागेको कुरा उल्लेख गर्नुभयो । बैंकको गैर बैंकिङ्ग सम्पत्ति बढ्दै गएकोले उक्त सम्पत्ति बिक्री गर्नको लागि छुट्टै Special Unit बनाएर अगाडी बढ्न र खर्च घटाउने तर्फ आवश्यक पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो । बैंकले मर्जर तथा एक्विजिशन प्रस्ताव ल्याएकोमा सोको विषयमा स्पष्ट पार्न अनुरोध गर्दै बैंकको लागि कर्पोरेट कार्यालयका लागि थप भवन निर्माण गर्दा खर्च बढी हुने हुँदा सो विषयमा विचार गर्न अनुरोध गर्नु भयो ।

छ) **श्री दिब्यमणि राजभण्डारी :** उहाँले सभालाई सम्बोधन गर्दै आज शेयरधनीहरुको दिन भएकोले शेयरधनीहरुले दिएका सुझावहरुलाई ग्रहण गर्न व्यवस्थापन र सञ्चालकहरुलाई आग्रह गर्नुभयो । यस बैंकको इतिहासको बारेमा सभामा जानकारी गराउँदै बैंकको स्थापना कालदेखिनै बैंकलाई योगदान पुर्‍याउनु हुने दिवंगत हुनुभएका शेयरधनीहरुलाई श्रद्धान्जली अर्पण गर्नुभयो । सञ्चालक र उच्च व्यवस्थापनमा महिलाहरुलाई प्राथामिकता दिनुपर्ने कुरा राख्नुहुँदै नयाँ आउने संचालक समितिलाई धैर्यताका साथ काम गर्नको लागि सुझाव दिनु भयो । कर्पोरेट कार्यालयका लागि जग्गा खरिदमा ठूलो रकम खर्च भएकोले आवश्यकताका आधारमा मात्र जग्गा खरिद र भवन निर्माणमा खर्च गर्नुपर्ने कुरा उल्लेख गर्नुभयो । बैंकले वित्तीय स्वार्थ रहेका संस्थाहरुमा लगानी नगर्न र बैंकरहरुले उद्योग व्यवसाय नगरी निक्षेपकर्ताहरुको हित संरक्षण हुने गरी काम गर्न अनुरोध गर्नुभयो । उहाँले कर्मचारीहरुको स्तर बृद्धि गर्नको लागि तालिम लगायतका कार्यका लागि


NMB BANK LIMITED

विदेशी संस्थाहरुसँग समन्वय गर्दा राम्रो हुने धारणा राख्दै विदेशी संस्थाहरुबाट ऋण लिन सफल भएकोमा धन्यवाद दिँदै मध्यपुर्वका देशहरुबाट समेत लगानी तथा विप्रेषण भित्र्याउनको लागि पहल गर्न अनुरोध गर्नु भयो । साथै, बैंकले लगानी गर्दा कम लागतमा बढी आम्दानी हुने क्षेत्रमा तथा जलविद्युत लगायत ठूला परियोजनाहरुमा लगानी गर्नुपर्ने कुरा उल्लेख गर्दै कम जोखिम रहेका क्षेत्रहरुमा लगानी गर्न सुझाव दिनुभयो ।

ज) **श्री रामचन्द्र पोखरेल (प्रतिनिधि कर्मचारी सञ्चयकोष)**: उहाँले सभालाई सम्बोधन गर्दै यस बैंकबाट कर्मचारी सञ्चय कोषलाई राम्रो प्राथमिकतामा राखेको र कर्मचारी सञ्चय कोषबाट पनि यस बैंकलाई धेरै ठूलो महत्व दिएको तथा प्राथमिकतामा राखेको ब्यहोरा जानकारी गराउनु भयो । कर्मचारी संचयकोषबाट प्रतिनिधित्व गर्ने संचालक क्षमतावान हुनुभएको कुरा उल्लेख गर्नुभयो । नेपाली बैंकरहरुलाई आम मानिसहरुबाट औंला ठड्याउने काम शुरु भएको कुरा उल्लेख गर्नुहुँदै त्यसबाट कर्मचारीहरु चनाखो रहनुपर्ने कुरा उल्लेख गर्नु भयो । बैंकले अल्पकालिन, मध्यकालिन र दिर्घकालिन रणनीति बनाई कम लागतको निक्षेप संकलन गरी लगानी गर्न सुझाव दिँदै बैंकको उत्तरोउत्तर प्रगतिको कामना सहित नयाँ बन्ने संचालक समितिलाई सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

झ) **श्री आर्नो डि भेट (प्रतिनिधि एफएमओ, नेदरल्याण्डस्)**: उहाँले सभामा सहभागी हुँदै अंग्रेजी भाषामा आफ्नो मन्तव्य तथा सुझावहरु दिनुभयो । उहाँले सभामा सम्बोधन गर्दै बैंकले राम्रो परफरमेन्स गरिरहेको, NPL ratio ३ प्रतिशतभन्दा कम रहेको, बैंकको पूँजी पर्याप्तता अनुपात धेरै राम्रो भएको उल्लेख गर्नुभयो । एनएमबि बैंक देशकै राम्रो बैंक रहेको र एफएमओले एनएमबि बैंकलाई उर्जा लगायत उत्पादनशील क्षेत्रमा लगानीका लागि ऋण सहायता उपलब्ध गराउदै आएको, हाइड्रो तथा उर्जा क्षेत्रको लगानीका लागि बैंकलाई आर्थिक तथा प्राविधिक सहायता प्रदान गरेको र बैंकको कर्मचारीलाई वातावरण तथा समाजिक जोखिमसम्बन्धी ज्ञान प्रदान गरेको उल्लेख गर्नुभयो । बैंकमा लगभग २० वर्ष संचालक समितिमा रही योगदान गर्नु भएको तथा एफएमओलाई सबैभन्दा ठूलो शेयरधनी हुने अवसर प्रदान गर्नु भएकोमा बैंकका अध्यक्ष पवन कुमार गोल्याणलाई धन्यवाद दिनुभयो । एफएमओबाट यस बैंकमा प्रतिनिधित्व गर्ने संचालक श्री निको पिलको सट्टामा श्रीमती शर्मिला हार्दि प्रकाशले प्रतिनिधित्व गर्नुहुने कुरा जानकारी गराउनु भयो । बैंकले गत वर्ष गरेको प्रगतिको लागि संचालक समिति र बैंक व्यवस्थापनलाई धन्यवाद ज्ञापन गर्दै नयाँ गठन हुने सञ्चालक समितिको सफलताको कामना गर्नुभयो । (अंग्रेजी भाषामा दिनु भएको मन्तब्यलाई नेपाली भाषामा अनुवाद गरिएको)

ञ) **श्री टि पुराहरन सि पि रामकृष्णन (प्रतिनिधि - योंग लियन रियाल्टी, मलेसिया)** : उहाँले सभामा सहभागी हुँदै अंग्रेजी भाषामा आफ्नो मन्तव्य तथा सुझावहरु दिनुभयो । उहाँले शेयरधनीहरुको सकारात्मक टिप्पणीको लागि धन्यवाद दिँदै अहिले बैंकिङ्ग क्षेत्रमा थुप्रै चुनौतीहरु रहेकोले नयाँ संचालक समितिले सफलतापूर्वक कार्य गर्नेमा विश्वास व्यक्त गर्नुभयो । आजको साधारण सभाबाट अध्यक्ष पवन गोल्याण लगायत केही संचालकहरु विदाई हुनु हुने भएकाले उँहाहरुलाई धन्यवाद ज्ञापन गर्दै नँया गठन हुने सञ्चालक समितिलाई सफलताको शुभकामना व्यक्त गर्नुभयो । (अँग्रेजी भाषामा दिनु भएको मन्तब्यलाई नेपाली भाषामा अनुवाद गरिएको)

ट) **श्री चन्द्र नारायण श्रेष्ठ**: उहाँले सभा समक्ष लिखित रुपमा शुभकामना तथा सुभावहरु दिनुभयो । उहाँले बैंकले वार्षिक साधारण सभा समयमानै सम्पन्न गर्ने उद्देश्यले आज बोलाएकोमा धन्यवाद छ । यस वर्ष बैंकको लाभांश वितरण गर्ने क्षमता भएतापनि वितरण गरेको छैन, यसमा संचालक समिति र व्यवस्थापनले भविष्यमा आउन सक्ने चुनौतीको सामाना गर्ने रणनीति हुनसक्ने भएकोले यो राम्रो कुरा हो । Unaudited र audited रिपोर्टमा Impairment charge रु.२४ करोडले थप्न लगाउनु, ऋणपत्र भुक्तानी कोषमा ५६.६६ करोडले प्रतिवर्ष छुट्याउन परेको र अझै आगामी वर्षसम्म नियमित प्रोभिज्निङ गर्नुपर्ने देखिन्छ । बैंकको गैर बैकिङ सम्पत्ति, खराव कर्जा बढ्दै गएकोले यसको असुलीको लागि विशेष ध्यान दिनुपर्छ । बैंकका संचालक समिति तथा कर्मचारीहरुले गरेको मेहनतका लागि धन्यवाद छ र भविष्यमा राम्रो प्रतिफलको आशा सहित प्रगतिको कामना गर्दछु ।

१०. **शेयरधनीहरूको मन्तव्य र जिज्ञासा उपर सञ्चालक समितिका तर्फबाट प्रतिक्रिया तथा नीतिगत जवाफ :**

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिले शेयरधनीहरुबाट आएको जिज्ञासाहरुका सम्बन्धमा दिनु भएको जवाफः**

सभाका सभापतिले शेयरधनी महानुभावहरुको सुझावहरुलाई ग्रहण गर्ने कुरा विश्वास दिलाउँदै वार्षिक प्रतिवेदनको विषेश प्रस्तावमा रहेको मर्जर तथा प्राप्तिको प्रस्तावका सम्बन्धमा बैंकले आवश्यकतानुसार शेयरधनीहरुको हितमा निर्णय लिने भन्दै यसलाई पास गर्न शेयरधनीहरुलाई आग्रह गर्नुभयो। अन्य विषयहरुमा प्रमुख कार्यकारी अधिकृतले जवाफ दिनु हुनेछ भन्दै कार्यकारी अधिकृतलाई माईक हस्तान्तरण गर्नुभयो ।

**सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापतिको आज्ञाले प्रमुख कार्यकारी अधिकृत श्री सुनिल के.सी.ले शेयरधनीहरूबाट आएको जिज्ञासाहरूका सम्बन्धमा दिनु भएको जवाफ तथा आफ्नो मन्तव्य :**

बैंकका प्रमुख कार्यकारी अधिकृतले शेयरधनीहरुको मन्तब्य तथा सुझावहरुको लागि धन्यवाद ज्ञापन गर्नु हुँदै शेयरधनीहरुबाट प्राप्त सुझावहरुलाई ग्रहण गरी अगाडी बढ्ने कुरा व्यक्त गर्नुभयो । उहाँले बैंकले लगभग ९ प्रतिशत लाभांश वितरण गर्न सक्ने क्षमता हुँदा समेत वितरण नगरी सञ्चित गरी राखेको भन्दै विगत केहि समयदेखि अर्न्तराष्ट्रिय आर्थिक तथा बैंकिङ्ग क्षेत्रमा समस्याहरु देखा परिरहेको र सो समस्या नेपालमा समेत पर्न सक्ने कुरालाई मध्यनजर गर्दै भविष्यमा आउन सक्ने जोखिमहरुलाई ध्यानमा राखेर यस वर्ष लाभांश वितरण नगरेको जानकारी गराउनु भयो । साथै, उहाँले विगत ५ वर्षको अवधिमा यस बैंकले वितरण गरेको लाभांशलाई हेर्दा औषतमा २१ प्रतिशत रहेकोले राम्रो लाभांश वितरण गरेको जानकारी गराउनु भयो । गत वर्ष बैंकिङ्ग क्षेत्रमा ठूलो असहज अवस्था हुँदा समेत यस बैंकले १५ अरब कर्जा प्रवाह गरेको र जुन समग्र बैंकिङमा उच्च ३ बैंक भित्र रहेको बताउनु भयो ।

एनएमबि बैंक ग्रिन र दिगो विकासको एजेण्डाका साथ अगाडी बढेकोले संसारभर एनएमबि बैंकले आफ्नो राम्रो पहिचान बनाएको जानकारी गराउनु हुँदै लाभांश भन्दा पनि बैंकका प्रमुख सुचाङ्क हेर्नुपर्ने र प्रमुख सुचाङ्कहरु राम्रो रहेको तथा यस बैंकले जोखिमलाई कसरी ब्यवस्थापन गरिरहेको छ भन्ने कुरा महत्वपूर्ण रहेको बताउनु भयो । गत वर्षको तुलनामा गैर बैकिङ्ग सम्पत्तिमा बृद्धि भएता पनि बैंकिङ्ग क्षेत्रको औषत भन्दा न्यून रहेको र बैंकले गैर बैकिङ्ग सम्पत्तिमा ब्यवस्थापन गर्नका लागि आवश्यक रणनीति अपनाई कार्य गरिरहेको जानकारी गराउनु भयो । हालको वर्तमान अवस्थामा Real State क्षेत्रमा देखा परेको समस्याले गर्दा गैर बैंकिङ्ग सम्पत्ति बिक्री हुन नसकेको जानकारी गराउनु भयो ।

अन्त्यमा, एनएमबि बैंक प्रति देखाउनु भएको विश्वास र मायाको लागि सम्पुर्ण शेयरधनी तथा नियमनकारी निकायलाई धन्यवाद दिँदै बैंकको संस्थापक शेयरधनी एफएमओ, योंग लियन रियल्टी, कर्मचारी संचय कोष लगायतका शेयरधनीहरुबाट प्राप्त सहयोगका लागि आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्नु भयो ।

११. **सभाबाट पारित प्रस्तावहरू :**

साधारण सभामा पूर्व सूचित छलफलका विषयहरूमा छलफल गरी पारित गर्न सभापतिको आज्ञाले बैंकका कम्पनी सचिवले क्रमानुसार राख्नु भएको प्रस्तावहरू उपर सभाका शेयरधनीहरूले सर्वसम्मतिबाट देहाय बमोजिम पारित गर्नुभयो ।

(क) **सामान्य प्रस्तावतर्फ :**

१. अट्ठाईसौं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट सञ्चालक समितिका अध्यक्ष श्री पवन कुमार गोल्याणले पेश गर्नु भएको आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रतिवेदन सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८० असार मसान्तको वासलात र आ.व. २०७९/०८० को नाफा-नोक्सान हिसाब, एकीकृत ईक्विटीमा भएको परिवर्तनको विवरण तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (सहायक कम्पनीहरु एनएमबि क्यापिटल लिमिटेड, एनएमबि लघुवित्त वित्तीय संस्था लिमिटेड र एन.एम.बि. सेक्युरिटिज लिमिटेडको एकीकृत वित्तीय विवरणहरु समेत) सभाबाट पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ अनुसार आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भए अनुसार लेखापरीक्षक एस.ए.आर. एशोसिएट्स, चार्टर्ड एकाउण्टेन्ट्सलाई रू.२५,००,०००/- (अक्षरेपी पच्चीस लाख मात्र) (मूल्य अभिबृद्धि कर बाहेक) पारिश्रमिक प्रदान गर्ने गरी लेखापरीक्षकमा नियुक्त गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

**(ख) विशेष प्रस्ताव :**

१. बैंकको प्रबन्धपत्रको उद्देश्यमा संशोधन गरी दफा ५(कक) मा ६ र ७ थप गरि निम्न व्यवस्था कायम गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

दफा ५(कक) ६ "सहायक कम्पनी स्थापना गरी वा नगरी सुचना प्रविधि, विद्युतीय भुक्तानी, विद्युतीय भुक्तानी प्रदायक सेवा, वालेट व्यवस्थापन सेवा, डिजिटल बैंक लगायत विद्युतीय माध्यमबाट गरिने सम्पूर्ण कारोवार गर्ने ।"

दफा ५(कक) ७ "विदेशी बैंक तथा वित्तीय संस्थाहरु मार्फत लगानी/ईक्विटी भित्र्याई व्यवसाय विस्तार गर्ने । "

२. अन्य बैंक तथा वित्तीय संस्थालाई आवश्यकता अनुसार प्राप्ति (एक्विजिसन) गर्ने तथा अन्य बैंक तथा वित्तीय संस्थाहरुसंग मर्जर प्रकृया अगाडि बढाउने, सोका लागि सम्पत्ति तथा दायित्वको मुल्यांकन गर्नका लागि मुल्यांकनकर्ता नियूक्त गर्ने, स्वाप रेसियो निर्धारण लगायत सम्पूर्ण कार्य गर्ने र मर्जर तथा प्राप्तिका लागि आवश्यक कार्य सम्पन्न भए पश्चात अन्तिम स्वीकृति शेयरधनीहरुको सभाबाट गराउने गरि अख्तियारी सञ्चालक समितिलाई प्रदान गर्ने प्रस्ताव पारित गर्ने सर्वसम्मतिबाट निर्णय भयो ।

३. बैंकको प्रबन्धपत्र संशोधनको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम गर्न वा अभिलेख गर्दा गराउँदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न, दाखिला गर्न र अभिलेख गराई लिन समेत सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी दिने सर्वसम्मतिबाट निर्णय भयो ।

**(ग) विविध:** विविध तर्फ छलफलको विषय नभएको ।

**(घ) निर्वाचन सम्बन्धमा :**

मिति २०८०/०९/०१ गते साधारण सभाको सूचनामा प्रकाशित भए बमोजिम बैंकको संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने २ जना तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना गरी ५ जना सञ्चालकहरुको निर्वाचन गर्ने (संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ३ जना संचालकहरु मध्ये बैंकको नियमावली बमोजिम संस्थापक शेयरधनी एफएमओको तर्फबाट १ जना संचालक मनोनयन हुने) सम्बन्धमा निर्वाचन अधिकृत श्री बिमल प्रसाद ढकालले मिति २०८०/०९/११ मा निर्वाचन सम्बन्धी कार्यक्रम प्रकाशित भए अनुसार देहाय अनुसार बैंकको नियमावलीको नियम २७ बमोजिम संस्थापक शेयरधनीहरुको तर्फबाट २ जना र सर्वसाधारण शेयरधनीको तर्फबाट ३ जना सञ्चालकहरु निर्विरोध निर्वाचित भएको व्यहोरा सभामा घोषणा गर्नु भयो ।

**संस्थापक समुहबाट निर्विरोध निर्वाचित उम्मेदवारहरुको नाम :**

१. श्री जीवन कुमार कट्वाल (श्री कर्मचारी संचय कोषको प्रतिनिधि)
२. श्री मनोज कुमार गोयल

**सर्बसाधारण शेयरधनीहरुबाट निर्विरोध निर्वाचित उम्मेदवारहरुको नाम :**

१. श्री उत्तम भ्लोन
२. श्री शिरिष कुमार मुरारका
३ श्री हरिश्चन्द्र सुवेदी

साथै, बैंकको नियमावलीको नियम २७ बमोजिम संस्थापक समूह Nederlandse Financierings - Maatschappij Voor Ontwikkelingslanden N.V. (FMO), Netherlands बाट श्रीमती शर्मिला संजिब हार्दि प्रकाशलाई मिति १२ जनवरी २०२४ गतेदेखि लागुहुने गरी मनोनित गरेको व्यहोरा समेत निर्वाचन अधिकृतबाट सभालाई जानकारी गराउनु भयो ।

## १२. बधाई तथा धन्यवाद ज्ञापन :

सभाका सभापतिले संचालक समितिको सदस्य पदमा निर्वाचित हुनु हुने संस्थापक शेयरधनीहरुको तर्फबाट श्री मनोज कुमार गोयल र श्री जीवन कुमार कट्वाल तथा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट श्री उत्तम भ्लोन, श्री हरिशचन्द्र सुबेदी, श्री शिरिष कुमार मुरारका र एफएमओको तर्फबाट मनोनित हुनु भएका श्रीमती शर्मिला संजिब हार्दि प्रकाशलाई हार्दिक बधाई दिँदै उहाँहरुको आगामी ४ वर्षे कार्यकाल सफल रहोस र सो अबधिमा बैंकले अझ उत्तरोत्तर प्रगति गर्दै जाओस भन्ने शुभकामना ब्यक्त गर्नु भयो । त्यसैगरि, उहाँले संचालकहरु श्री निको पिल तथा श्री योगेन्द्र लाल प्रधानले बैंकमा संचालक पदमा रही पुर्‍याउनु भएको अतुलनीय योगदानको हृदय देखिनै प्रशंसा गर्दै हार्दिक धन्यबाद दिनु भयो ।

आजको साधारण सभा सौर्हादपूर्ण वातावरणमा शान्तिपूर्वक सम्पन्न भएकाले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरू, सञ्चालक समितिका सदस्यहरु, बिभिन्न संघ संस्थाका प्रतिनिधिहरु, पर्यवेक्षक, बैंकका कर्मचारी, पत्रकार लगायत अन्य उपस्थित सम्पुर्ण महानुभावहरूलाई समेत यस बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा सफलतापूर्वक सम्पन्न गर्न सहयोग गर्नु भएकोमा सभाका सभापतिले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो ।

## १३. सभा विसर्जन :

अट्ठाईसौं वार्षिक साधारण सभामा समावेश गरिएका विषय सूची अन्तर्गतका विषयहरू उपर छलफल गरि निर्णय भैसकेकाले सम्पूर्ण उपस्थित महानुभाबहरुलाई सभा सफलतापूर्वक सम्पन्न गरिदिनु भएकोमा बधाई ज्ञापन गर्दै बैंकका सञ्चालक समतिका अध्यक्ष तथा यस साधारण सभाका सभापति श्री पवन कुमार गोल्याणले दिनको १२:३० बजे सभा समापन भएको घोषणा गर्नुभयो ।

प्रमोद कुमार दाहाल
कम्पनी सचिव

NMB BANK LIMITED
एनएमबि बैंक लिमिटेड

पवन कुमार गोल्याण
अध्यक्ष